नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

भाद्र/आश्विन २०७५ (September 2018) वर्ष २२/अङ्क २५८

## परमेश्वर आफ्ना मानिसहरुप्रति कृपालु हुनुहुन्छ

– पाष्टर प्रेम श्रेष्ठ

वि.सं. १९१० मा नेपाल राष्ट्रमा मुलुकी ऐनको नाममा विधिवत कानून आयो जसको वि.सं. २०२० मा संशोधन भई यो देशमा विद्यमान कानूनलाई २०७५ भाद्र १ गते देखि (मुलुकी देवानी संहिता ऐन २०७४) को नाममा नयाँ कानून लागू भएको छ। सोही कानूनको विषयलाई लिएर विभिन्न प्रकारका टिकाटिप्पणी, विरोध र समर्थन भइराखेको छ। हामी क्रिश्चियन जगत पनि यदाकदा सोही प्रवृत्तिको काम गर्न पछि परेका छैनौं र प्रभुले हामीलाई अलग गरिएको जाति, उहाँको निज धन सम्पत्ति, मित्रहरू, छोराछोरीहरू अर्थात् उत्तराधिकारीको दर्जा, दिएर हाम्रो इज्जत, सम्मान गर्नुभएको छ र पनि आजसम्म हामीहरूले अख्रीष्टियनले बोल्ने भाषा उनीहरूको जस्तै व्यवहार, धर्ना, जुलुस, हडताल इत्यादि गर्दा हाम्रो प्रभु येशूलाई कस्तो लाग्दो होला ?

रोमी १३:१-५ सम्मका कुरा म यहाँ सम्झाउन चाहन्छु । एन्टिओखियाको मण्डलीमा अगमवक्ताहरू र शिक्षकहरू, अर्थात् बारनाबास, काला भनिने शिमियोन, कुरेनिका लुकियस, प्रान्तीय शासक हेरोदसँग हुर्केका मनेन र शाऊल थिए । तिनीहरूले प्रभुको आराधना गरिरहेका र उपवास बसिरहेका बेला पवित्र आत्माले भन्नुभयो, "मेरो निम्ति बारनाबास र शाऊललाई त्यस कामको लागि अलग्ग गर, जुन कामको निम्ति मैले तिनीहरूलाई बोलाएको छु ।" तब उपवास र प्रार्थना गरेर तिनीहरूले उनीहरूमाथि आफ्ना हात राखेर उनीहरूलाई बिदा दिए । तब पवित्र आत्माद्वारा पठाइएका हुनाले तिनीहरू सिलुकियामा गए र त्यहाँबाट जहाजमा चढ़ी साइप्रसतिर गए । सलामिसमा आइपुगेपछि तिनीहरूले यहूदीहरूका सभाघरहरूमा परमेश्वरको सुसमाचार प्रचार गरे । तिनीहरूलाई सहायता गर्न यूहन्ना तिनीहरूसँग थिए। यस खण्डले सबै अधिकार पहिले परमेश्वरबाट आएको हुन्छ भनी उल्लेख गरेका छन् । त्यो चाहे राजाको, राष्ट्रपतिको, प्रमुख सेवा प्रमुखको होस् चाहे अन्य अधिकारीको होस्, सबभन्दा पहिले त्यो परमेश्वरबाटको हुन्छ । हितोपदेश ८:१५-१७ "मद्वारा नै राजाहरू राज्य गर्छन् र शासकहरू उचित कानून बनाउँछन्, मद्वारा नै राजकुमारहरू राज्य व्यवस्था चलाउँछन् र सबै उच्च अख्तियारवालहरू पृथ्वीभरि शासन गर्दछन्। मलाई प्रेम गर्नेहरूलाई म प्रेम गर्छु, मलाई खोज्नेहरूले मलाई भेट्टाउँछन् ।" यूहन्ना १९:१०-११ यसकारण पिलातसले उहाँलाई भने, "के तिमी मसँग बोल्दैनौ ? तपाईंलाई छोडिदिने अधिकार मसँग छ, र तिमीलाई क्रूसमा टाँग्ने अधिकार पनि मसँग छ भन्ने तिमीलाई थाहा छैन ?" येशूले जवाफ दिनुभयो, "तिमीलाई माथिबाट नदिइएको भए ममाथि तपाईंको केही अधिकार हुनेथिएन । यसकारण मलाई तपाईंका हातमा सुम्पिदिने अझ बढ़ी पापको दोषी छ ।" यसकारण यदि हामी कुनै अधिकारीप्रति अनाज्ञाकारी हुन्छौं भने परमेश्वरप्रति पनि अनाज्ञाकारी हुन्छौं । धेरै वर्ष मण्डलीले प्रार्थना गरिराखेको थियो यसो भनेर "प्रभु हामीलाई यो देशमा शान्ति दिनुहोस् । असल कानून दिनुहोस्, भ्रष्टाचारको अन्त्य होस्, देश विकाश होस्, देश उन्नति, प्रगतिको बाटोमा जाओस, कु-संस्कार हटेर गएको होस्, गरिबी हटेर जाओस" आदि इत्यादि । मेरो विचारमा हाम्रो अर्थात् मण्डलीको प्रार्थनाको उत्तर स्वरुप देशमा नयाँ कानून आएको छ। परमेश्वरले अधिकारीहरूलाई अधिकार मात्र दिनुभएको होइन तर उनीहरू हरेकलाई खटाउनु भएको पनि हुन्छ, यस हेतुले कि उनीहरूले जनताको भलाई र शान्ति कायम राखून् । १ तिमोथी २:१-२ "सर्वप्रथम म आग्रह गर्दछु, कि सबै मानिसहरूका निम्ति नम्र-निवेदन, प्रार्थना र मध्यस्थ-बिन्ती र धन्यवाद चढ़ाइऊन्, राजाहरू र सबै उच्च पदमा भएकाहरूका निम्ति पनि, ताकि हामी निर्धक्क र शान्तिपूर्ण भएर हरप्रकारले धार्मिक र आदरणीय जीवन बिताउन सकौं ।" उदाहरणको लागि दारा राजा र दानिएल, फारो राजा र योसेफ, कोरेश राजा र इस्राएली जसले उनीहरूको भलो चिताएर प्रवासबाट आफ्नो भूमिमा फर्कने अनुमति दिए, अहासुरस राजा र अल्पमतमा परेका यहूदी आदि जसको सुरक्षा भयो, राजा अर्तासास्त र नहेम्याह जसलाई भत्केको यरुशलेमको पर्खाल बनाउन अनुमति मात्र होइन तर चाहिने सबै सामान, शक्ति पनि दिएर पठाए। त्यस्तै गरिबी र अभावको पीडामा परेको रुथ र बोअजको इतिहासलाई हेर्न सक्छौं जसबाट दाऊदको वंस अर्थात् येशूका पुर्खाहरू जन्मिए । हामी पहिलो शताब्दिको चेलाहरूको विचार गरौं ती सबै जना प्रभुका भएर पनि प्रायः सबै नै देशको कानून वा प्रचलित नियमको कारण हाँसीहाँसी दुःख भोग्न तयार भए र आज हामीलाई एउटा असल बाटो देखाउन सफल भए र बाइबलले भन्दछ प्रेरित १७:६ "संसारलाई उलटपुलट पार्ने यी मानिसहरू यहाँ पनि आइपुगेका छन् ।" संसारलाई उलटपुलट पार्नेहरू भनेर नामाकरण गरियो । जब देशमा केही नयाँ कुरा आउँदछ त्यो निश्चयनै फरक हुन्छ र हाल आएको कानून पनि त्यसको पछिल्लो कडी हो र यसले धेरै कुरा परिवर्तन गर्दछ नयाँ कुरा, नयाँ सोच, नयाँ विधि बोकेर ल्याएको छ। म यहाँ यसको समर्थन वा विरोधको भाषा बोलिराखेको छैन खाली यो भन्न खोजेको हो कि नयाँ कुराले केही सहज, केही असहजपना ल्याउँदछ । यो कानूनले सबै समुदायमा केही न केही असहजता पक्कै ल्याउँदछ र कानून हामीलाई जे-जे ठीक लाग्छ त्यही त्यही आउँदैन तर हाम्रो काम त अब झन् बढी प्रभुको नजीक प्रार्थना, संगति, प्रेम, मेलमिलाप, भाइचारा र प्रभुको वास्ता झल्काउने काममा बढनुपर्दछ । निर्वासनको समयमा

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| भाद्र २३ गते<br>September 8 | पा. रोबर्ट कार्थक<br>पा. सामुएल कार्थक | श्री<br>एलिजर तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>घन श्याम दाहाल | एल्डर<br>रूबेन श्रेष्ठ | डीकन<br>बाबुराम के.सी. | डीकन<br>पुरुषोत्तम न्यौपाने |
| भाद्र ३० गते<br>September 15 | पाष्टर<br>बर्णबास श्रेष्ठ | श्री<br>सरुष मान तामाङ्ग | एल्डर<br>अर्जुन ढकाल | पाष्टर<br>रोल्याण्ड रोंगोंग | श्री<br>सुकराम तामाङ्ग | श्री<br>स्टिफन राई | एल्डर<br>सिमोन खालिङ्ग |
| आश्विन ६ गते<br>September 22 | एल्डर<br>दिनेश न्यौपाने | एल्डर<br>पूर्ण सुनुवार | श्री<br>रमेश लामा | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>श्रीलक्ष्मी सैंजु | एल्डर<br>नभराज के.सी. | संयुक्त सेवा<br>ललितपुर चर्च |
| आश्विन १३ गते<br>September 29 | एल्डर<br>सिमोन पाठक | डीकन<br>राजु तामाङ्ग | श्री<br>लेख नाथ पौडेल | एल्डर<br>जनक लाल श्रेष्ठ | श्रीमती<br>गंगा श्रेष्ठ | डीकन<br>रुद्र राई | एल्डर<br>घन श्याम दाहाल |
| आश्विन २० गते<br>October 6 | पा. सामुएल कार्थक<br>पा. रोबर्ट कार्थक | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पाष्टर<br>दफ्तन सादा | डीकन<br>सिमोन भण्डारी | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>शरण राई |

परमेश्वरले आफ्ना जातिलाई भन्नुभयो यर्मिया २९:११ "किनभने जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती म जान्दछु, परमप्रभु भन्नुहुन्छ। ती तिमीहरूका उन्नतिको निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई।" यसले हाम्रो निम्ति एउटा असल भविष्य दिँदछ। वास्तवमा रोमी ८:३१ मा हामीले यसमा के भन्ने त ? यदि परमेश्वर हामीतर्फ हुनुहुन्छ भने, हाम्रो विरुद्ध को हुन्छ ? हाम्रो विरोधी त एउटै मात्र छ त्यो हो शैतान र त्यसको सेना एफिसी ६:१२ किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्टचाइँका आत्मिक सेनाहरूका विरुद्ध हो। १ यूहन्ना ४:४-६ मेरो साना बालकहरू, तिमीहरूचाहिँ परमेश्वरका हौ, र तिनीहरूमाथि विजयी भएका छौ। किनभने जो तिमीहरूमा हुनुहुन्छ, उहाँ संसारमा हुनेभन्दा महान् हुनुहुन्छ। तिनीहरू संसारका हुन्, यसकारण तिनीहरू संसारकै कुरा गर्छन्, र संसारले तिनीहरूका कुरा सुन्छ। हामी त परमेश्वरका हौं। जसले परमेश्वरलाई चिन्छ उसले हाम्रो कुरा सुन्छ, र जो परमेश्वरको होइन, त्यसले हाम्रो कुरा सुन्दैन। यसैबाट हामी सत्यको आत्मा र भ्रमको आत्मालाई चिन्छौं। यूहन्ना १६:३३ मैले तिमीहरूलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरूलाई शान्ति होस्। संसारमा तिमीहरूलाई सङ्कष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु।" यसकारण आज हाम्रो कर्तव्य के-के हो ? प्रभुलाई परीक्षा गर्नेहरूलाई प्रभुले भन्नुभयो मर्कूस १२:१७ तब येशूले तिनीहरूलाई भन्नुभयो, "कैसरका चीजहरू कैसरलाई देओ, र परमेश्वरका चीजहरू परमेश्वरलाई।" कैसरको कैसरलाई र प्रभुको प्रभुलाई। आज हामी देशमा रहेर ठीक काम गरौं, सरकारी कर (राजस्व) तिर्न नहिच्किचाऔं, देशको प्रचलित कानूनको उल्लंघन नगरी पारदर्शिता अपनाऔं र त्यसो गर्दा पनि यदि हामीलाई राज्यले दु:ख दिन्छ भने हाँसीहाँसी सजाय भोग्न तयार होऔं र हाम्रो इनाम अत्यन्त ठूलो हुन्छ। १ पत्रुस २:१९-२१ परमेश्वरलाई सम्झेर कुनै मानिसले अन्यायपूर्ण कष्ट सहन्छ भने त्यो परमेश्वरमा प्रशंसनीय छ। किनभने तिमीहरूले खराब काम गरेर कुटाइ खाँदा धैर्यसँग सहचौ भने यसमा ठूलो कुरो के छ र ? तर तिमीहरूले असल गरेर पनि पनि दु:ख भोग्नुपर्दा धैर्यसँग सहन्छौ भने यो परमेश्वरमा ग्रहणयोग्य हुन्छ, किनकि यसैको निम्ति तिमीहरू बोलाइएका हौ। खीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि एउटा उदाहरण छोडिजानुभयो, र तिमीहरू उहाँकै पाइलामा हिँड्नुपर्छ। तर नराम्रो काम गरेर, कर छलेर, अनैतिक काम गरेर, अनाधिकृत प्रकारले काम गऱ्यौं भने सरकारको विरोध हुन्छ र बाइबलको विरोध गर्छौं त्यसकारण हामी कुनै खीष्टियनले सरकारको विरोध गर्छ भने पनि सबै त्यस्ता हुँदैन। हाम्रो काम समर्थन, विरोध होइन देशको कानून पालन गरेर असल साक्षी दिनु हो। जसले अरू व्यक्तिभन्दा हामी खीष्टियन विश्वासीमा के फरक छ भनेर देखाउनु पनि पर्छ र आखिरमा विजय त हाम्रै हो।

अन्त्यमा अब हामीले सु-समाचारको शैली बदल्नुपर्छ कसैलाई जोर जबरजस्ती नगरौं तर प्रेम देखाऔं जिएर देखाऔं, सहयोग गरेर देखाऔं, जसको कारण प्रभुको काम अझै वृद्धि हुँदै जान्छ भन्ने विश्वास मेरो छ। समाजमा जबरजस्ती गर्ने, गलत काम गर्ने जो सुकैलाई पनि कानूनी दायरामा ल्याउनुपर्छ र गलत काम गर्ने व्यक्तिलाई मण्डलीले साथ दिनु पनि अपराध नै हो। घरघरमा गएर झूटा शिक्षकहरूले हाम्रा मानिस, समाजलाई भ्रममा पारिराखेका छन् त्यसबाट सत्य कुरा प्रकट गर्न जरुरी छ। अब अझै सु-समाचारको लागि तयार हुनुपर्दछ। २ थेसलोनिकी ३:१-४ "यसकारण जब हामीले सहन सकेनौं, तब एथेन्समा एक्लै छोडिन हामी राजी भयौं, र तिमीहरूलाई विश्वासमा स्थिर गराउन र अर्ती-उपदेश दिन, परमेश्वरमा खीष्टका सुसमाचारको सेवक हाम्रा भाइ तिमोथीलाई हामीले पठायौं, ताकि यी कष्टहरूले गर्दा कोही नडग्माओस्। तिमीहरू आफैलाई थाहा छ, कि यसैको निम्ति हामी खटाइएका हौं। किनकि जब हामी तिमीहरूसँग थियौं, तब तिमीहरूले कष्ट भोग्नैपर्छ भनी हामीले अघिबाटै भनेको थियौं। यो साँच्चै हुन पनि आयो, सो तिमीहरूलाई थाहा छ।" देशको शासक वर्ग जहिले पनि तानाशाही प्रवृत्तिका हुन्छन् जसले आफ्नो मात्र फाइदा, सुविधा र शक्तिको कुरा गर्दछन्। अहिले पनि यस कानूनले हामी क्रिश्चियन विश्वासीहरू, मण्डलीलाई केही असुविधा त पक्कै हुन्छ तर यो अवस्थाबाट पनि प्रभुले आफ्नो महिमा लिनु हुन्छ र हामी पवित्र जनहरूलाई संरक्षण गर्नुहुन्छ। याद गरौं सही काम गर्दै हिँड्ने व्यक्तिलाई परमेश्वरको प्रतिज्ञा व्यवस्था ३१:६ "बलिया र साहसी होओ ! यिनीहरूसित नडराओ र त्रासित नहोओ ! किनभने परमप्रभु तिमीहरूका परमेश्वर नै तिमीहरूसँग जानुहुन्छ। उहाँले तिमीहरूलाई कहिल्यै छोड्नु हुनेछैन न त त्याग्नुहुनेछ।" प्रभुले तपाईं हामी सबैलाई शक्ति देऊन्। आमेन।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | गोदावरी | जोरपाटी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|
| **भाद्र २३ गते** September 8 | पाष्टर रोल्याण्ड रोंगोंग | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानियल सापकोटा | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | श्री कुमार राई |
| **भाद्र ३० गते** September 15 | एल्डर जनक लाल श्रेष्ठ | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा जोरपाटी चर्च** | | | | एल्डर पिटर लिम्बू | डीकन जिल्बर्ट मिशो | एल्डर छोदेन कार्थक |
| **आश्विन ६ गते** September 22 | संयुक्त सेवा ललितपुर चर्च | डीकन अमर पाण्डे | डीकन लाक्पा लामा | डीकन राज गुरुङ्ग | डीकन कृष्ण नगरकोटी | डीकन अशोक सुनार | डीकन जिल्बर्ट मिशो | श्रीमती रीता राई आले | एल्डर जोरविर राई |
| **आश्विन १३ गते** September 29 | श्री स्टिफन राई | डीकन राज गुरुङ्ग | डीकनेस् चिनु घ्लान | पाष्टर प्रेम श्रेष्ठ | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर बी.एन.पण्डित | श्री प्रशान्त सिंह | डीकन बेन्जामिन तामाङ्ग |
| **आश्विन २० गते** October 6 | एल्डर गोपाल शर्मा | डीकन लाक्पा लामा | पाष्टर प्रेम श्रेष्ठ | डीकनेस् रूष लामा | डीकन कृष्ण तामाङ्ग | डीकन मोहन श्रेष्ठ | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर छोदेन कार्थक | संयुक्त सेवा धापासी चर्च |

## हार्दिक बधाई



भाद्र ४ गते/अगष्ट २० तारिख सोमबार नेइम खाल्चोक चर्चको सदस्यहरू श्री **आशिष तामाङ्ग** र सुश्री **सम्झना तामाङ्ग**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **आशिष** र **सम्झना तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### सेप्टेम्बर महिनाको कार्यक्रम

भाद्र २७ गते/सेप्टेम्बर १२ तारिख बुधबार बिहान १०:०० बजे **नेइम संयुक्त महिला संगति** नेइम ज्ञानेश्वर चर्च ।

भाद्र २८-३० गते/सेप्टेम्बर १३-१५ तारिख बिहीबारदेखि शनिबारसम्म **स्कूल अफ् मिनिष्ट्री** पश्चिम नेपाल ।

भाद्र ३१ गते/सेप्टेम्बर १६ तारिख आइतबार बिहान १०:०० बजे **नेइम कार्यकारिणीको बैठक** नेइम जोरपाटी चर्च ।

आश्विन १ गते/सेप्टेम्बर १७ तारिख सोमबार **महिला उपवास प्रार्थना** आ-आफ्नै चर्च ।

आश्विन १-२ गते/सेप्टेम्बर १७-१८ तारिख सोमबार र मंगलबार **स्कूल अफ् मिनिष्ट्री** नेइम ज्ञानेश्वर चर्च। सहभागीहरू नेइम परिषद्का पाष्टर, एल्डर, डीकन, डीकनेस्हरू र पूर्णकालिन सेवक/सेविकाहरू ।

आश्विन १४ गते/सेप्टेम्बर ३० तारिख आइतबार बिहान ९:३० बजे **नेइम बाल संगतिका शिक्षक/शिक्षिकाहरूको भेटघाट** नेइम गोंगबूँ चर्च ।

कार्तिक २१ गते/नोभेम्बर ७ तारिख बुधबार बिहान ११:०० बजेदेखि २३ गते/९ तारिख शुक्रबार बेलुकी ५:०० बजेसम्म नेपालभरि रहेका नेइमअन्तर्गतका मण्डलीहरूका **वृहत नेइम युवा सम्मेलन** नेइम ज्ञानेश्वर चर्च ।

### जानकारी

श्रावण १९ गते/अगष्ट ४ तारिख नेइम जोरपाटी चर्चमा १ जना विश्वासीको समर्पण भयो ।

भाद्र २ गते/अगष्ट १८ तारिख शनिबार नेइम मुडेबास मण्डली धनकुटामा एल्डर दाऊद मगर पाष्टर, डीकन चुडामनि मगर एल्डर साथै टंक मगर, डोल्मा मगर, कृष्ण मगर र शान्ति मगरलाई डीकनेस् अभिषेक गरियो । सो सेवकाइको निम्ति पाष्टर बर्णबास श्रेष्ठ र एल्डर पूर्ण सुनुवार जानुभएको थियो ।

## विशेष प्रार्थना

१. देशका सबै मण्डलीहरू र ख्रीष्टियान संघ संस्थाहरू प्रभुको इच्छा र योजनाअनुसार चल्न पवित्र आत्माको अगुवाइ मागिदिऔं ।

२. अन्धकारको शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, हत्या, आत्माहत्या, लागु पदार्थ दुर्व्यसन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार, बाल विवाह आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

३. वर्षायामको समयमा विभिन्न ठाउ-ठाउँमा बाढी पहिरो गएको कारण संकष्टमा परेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

४. प्रभुदेखि टाढा भएकाहरू, अधुरा घर-घरानाकाहरू साथै सुसमाचार सुनेर पनि विश्वास नगर्नुभएकाहरू सबै समय छँदा नै परमेश्वरकहाँ आउन सकून् ।

५. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख कष्ट, खेदो सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

७. मण्डलीको विश्वासीहरूले परमेश्वरको प्रेम र ख्रीष्ट येशू प्रभुमा पाइने सित्तैंको मुक्तिको सुसन्देशको निम्ति असल साक्षी र गवाही बन्न सकून् भनी प्रार्थना गरिदिऔं ।

८. नेइमअन्तर्गतका छोरी मण्डलीहरू, शाख आवद्ध मण्डलीहरू, सानो ठूला संगति झुण्डहरूमा सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको लागि प्रार्थना गरिदिऔं साथै यी मण्डली तथा संगतिहरूमा सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको कमी नभएको होस् भनी प्रार्थना गरिदिऔं ।

९. अधुरो परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायताको लागि प्रार्थना गरिदिऔं ।

१०. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

११. नेइमअन्तर्गतका मण्डलीहरूको निम्ति जग्गा किन्न र मण्डली भवन बनाउनका लागि समयमा नै रूपैया पैसा जुट्न सकून् भनी प्रार्थना गरौं ।

१२. आश्विन/कार्तिक (अक्टोबर/नोभेम्बर) महिनामा देशका विभिन्न मण्डलीहरूमा हुने सेवा संगति तथा सम्मेलनको लागि प्रार्थना गरिदिऔं ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | १७ 2<br>आराधना सेवा साथै अन्य संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>एज्रा ७:९-१० | २४ 9<br>संसारका सबै मानिसहरूले येशू ख्रीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी विश्वास गर्न सकून् ।<br>यूहन्ना ८:१२, १७:३ | ३१ 16<br>अगुवाको स्थानमा रहनुभएकाहरू उदाहरण भएर परमेश्वरको प्रेममा उहाँको बगाललाई हेरचाह गर्न र परमेश्वरमा डोऱ्याउन सकून् ।<br>१ पत्रुस ५:१-४ | ७ 23<br>नेपाल देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>२ कोरिन्थी २:१४-१५ | १४ 30<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-६ |
| **सोमबार**<br>Monday | १८ 3<br>नेपालको विभिन्न कारागारमा भइरहेको सेवा संगतिहरूद्वारा अझ धेरैले येशू प्रभुलाई चिन्न सकून् ।<br>यशैया ६१:१-३ | २५ 10<br>नेइम परिषदका सबै गुरुजनहरूको सेवकाइ, परिवार, काम, व्यवसाय, स्वास्थ्य सम्पूर्ण कुराहरूको लागि आशिष् मागिदिऔं ।<br>भजनसंग्रह २३:१-६ | १ आश्विन 17<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>प्रकाश ३:१५-१६ | ८ 24<br>परमेश्वर प्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै अन्य भेटी चढाउने काममा सधैं इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-७, ११ | १५ October 1<br>विश्वासी परिवारकाहरू सधैं प्रभुको प्रेममा रही अरूहरूको निम्ति आशिषित् बन्न सकून् ।<br>रोमी १५:१-३ |
| **मंगलबार**<br>Tuesday | १९ 4<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरू प्रभुमा अझै समर्पित भएर सेवकाई गर्न सकून् ।<br>यूहन्ना १५:१६, एफिसी ६:६-७ | २६ 11<br>हरेक अभिभावकहरू प्रभुमा रहेर साथै उदाहरण भएर आफ्ना छोराछोरीहरूलाई ठीक सरसल्लाह र शिक्षामा हुर्काउन सकून् ।<br>व्यवस्था ६:४-९, एफिसी ६:४ | २ 18<br>मण्डलीका विश्वासीहरु सबै परिस्थितिमा स्थिर रहन सकून् ।<br>भजनसंग्रह ३७:१-१५ | ९ 25<br>मण्डलीका सबै बालबालिकाहरूले सानै उमेरमा साँचो परमेश्वरलाई चिन्न सकून् ।<br>मर्कूस १०:१३-१६ | १६ 2<br>मण्डली संख्यामा मात्र होइन आत्मिक परिपक्वतामा पनि अझै अघि बढेर जान सकून् ।<br>२ तिमोथी ३:१४-१७ |
| **बुधबार**<br>Wednesday | २० 5<br>घरेलु संगतिका सबै अगुवाहरू आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>१ थेलोनिकी १:२-३ | २७ 12<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूका हृदयको आँखा खोलिदिऊन् ।<br>प्रेरित १६:१४-१५, ३१ | ३ 19<br>मण्डलीका सबै विश्वासीहरू सँधै प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>१ थेसलोनिकी ५:१६-१८ | १० 26<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>२ कोरिन्थी ३:२-३, | १७ 3<br>मण्डलीका विश्वासीहरू सधैं एक आपसमा प्रेममा रही परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ पत्रुस ४:८-११, २ यूहन्ना ६ |
| **बिहीबार**<br>Thursday | २१ 6<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिक जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं ।<br>मर्कूस १०:१३-१६, लूका २:४०, ५२ | २८ 13<br>मण्डलीमा प्रार्थनाको लागि आउनुहुने रोगी बिरामी, भूत आत्मा लागेका, चिन्ताफिक्री साथै विभिन्न बन्धनले पिडित भएकाहरूको लागि प्रार्थना गरिदिऔं।<br>मत्ती ११:२८, मर्कूस १६:१६-१८, | ४ 20<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासीहरूमा आइपर्ने कुनै पनि समस्याको कारण विचलित नभई प्रभुमा स्थिर रहन सकून् ।<br>हिब्रू १२:१-३ | ११ 27<br>मण्डलीका सबै बा, दाजुभाइहरू परमेश्वरको प्रेममा रही घर परिवार, मण्डली र समाजमा आशिष्को कारण हुन सकून् ।<br>हितोपदेश १४:२५-२७ | १८ 4<br>भारतको मुम्बई, पुना र अन्य ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागी प्रार्थना गरौं ।<br>यर्मिया ३१:४,११ र १६ |
| **शुक्रबार**<br>Friday | २२ 7<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं प्रभुको उपस्थितिको चाहना लिएर सत्यतामा आराधना गर्न आउन सकौं ।<br>यूहन्ना ४:२३-२४ | २९ 14<br>प्रत्येक शनिबारको आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचन अनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं ।<br>भजनसंग्रह ८६:११, हितो. १०:८ | ५ 21<br>विभिन्न उद्देश्य लिएर मण्डलीमा आउनुहुने हरेकले परमेश्वरको वचन सुनेर उहाँहरूको हृदय परिवर्तन भएको होस् ।<br>हिब्रू ४:१२-१३ | १२ 28<br>हामी कोही पनि रीतिविधिको रूपमा मात्र सेवामा सहभागी नभई सत्यतामा परमेश्वरको आराधना गर्न तयार भएर आउन सकौं ।<br>१ पत्रुस २:१-५ | १९ 5<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>याकूब १:१९-२५ |
| **शनिबार**<br>Saturday | २३ 8<br>मण्डलीका प्रत्येक विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण बन्न सकोस् ।<br>रोमी १४:१९ | ३० 15<br>विभिन्न देशहरूमा काम, पढाइ तथा अन्य कारणले जानुभएकाहरूको लागि सुरक्षा र सबै कुराहरूमा परमेश्वरको आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ | ६ 22<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>प्रेरित १६:३१, लूका १:३७ | १३ 29<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित् भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून् ।<br>प्रेरित ४:१२-२१ | २० 6<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा, बाइबल अध्ययन आदि सेवा संगतिहरूमा मण्डलीले यथासक्य भागलिन सकून् ।<br>हिब्रू १०:२३-२६ |

**किनकि ज्योतिले नै प्रत्येक कुरो प्रष्टै देखिने बनाउँदछ । त्यसकारण धर्मशास्त्रमा यसो लेखिएको छ, ए निदाउने, बिउँझ, मरेकाहरूबाट उठ, अनि ख्रीष्ट तिमीमाथि चम्कनुहुनेछ । त्यसकारण होसियार बस, तिमी कसरी हिंड्दैछौ निर्बुद्धि मानिस जस्तो होइन, तर बुद्धिमान् जस्तो, प्रत्येक अवसरलाई सदुपयोग गर, किनकि दिन खराब छ । यसकारण मूर्ख नबन, तर प्रभुको इच्छा के छ त्यो बुझ ।**

**एफिसी ५:१४-१७**